# गोडैता नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गोडैता, सर्लाही

मधेश प्रदेश, नेपाल

# शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०२/२०

आ.व. ०८१/०८२

यस गोडैता नगपालिकाको चालु आ.व.०८१/०८२ को विनियोजित बजेटबाट गोडैता नगरपालिका वडा नं. १२ को लागि **LPG Gas सिलिन्डर एवम ग्यास चुलो खरिद तथा वितरण** गर्नुपर्ने भएकोले अधिकारिक डिलर तथा आपूर्तिकर्तालाई तपसिल बमोजिमको शर्तको अधिनमा रहि दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल

१. शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म रु. १०००/०० (अक्षरेपी एक हजार रुपैया) मात्र तिरी चालु आ.व. को लागि नविकरण भएको व्यवसाय दर्ताको मू.अ.क. दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नं.(पान नं.), प्रमाण पत्र र आ.व.०८०/०८१ को कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी संलग्न राखी सम्बन्धित दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले लिखित निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सक्नेछ। अधिकार प्राप्त प्रतिनिधि मार्फत दरभाउपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र पेश गर्नुपर्नेछ ।

२. खरिद गरेको दरभाउ रित्तपूर्वक स्पष्ट सँग भरी खाममा शिलवन्दी गरी खामको बाहिर दरभाउ पत्र सम्बन्धी विवरण, फर्मको नाम पूरा ठेगाना उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता भएका दरभाउ पत्र सोहि दिनको ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ तर दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैनन् ।

३. शिलवन्दी दरभाउ पत्रको मान्य अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिन हुनेछ । दरभाउपत्रदाता दरभाउ साथ तोकिए बमोजिमको धरौटी रकममा नघटाई श्री प्रभु बैंक लि., गोडैता स्थित यस कार्यालयको धरौटी खाता नं. २६२७०९००८६३००१६८ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म मान्यता अवधि भएको दरभाउपत्र जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४. दरभाउ पत्र शर्त रहित, केरमेट नभएको कार्यालयले उपलब्ध गराएको मूल्यपत्र लगायत कागजातमा कुनै थपघट वा दृष्टव्य नलेखिएको र दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले सही छाप गरेको हुनु पर्नेछ ।

५. दरभाउ पत्र परिमाणको मूल्य अभिवृदिकर बाहेक तिनुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अंक र अक्षर दुवैमा स्पष्ट सँग आईटम वाईज दररेट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँहरुमा दरभाउपत्र दाताले सही छाप गरेको हुनुपर्नेछ ।

६. शिलवन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ र सोको भोलिपल्ट १२:०० बजे भित्र दर्ता गर्न सकिनेछ। म्याद नाघि आएको, रित नपुगेको र सूचनाका शर्तहरु विपरित भएका शिलवन्दी दरभाउपत्रहरु माथि कुनै कार्यवाही हुने छैन ।

७. शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा भाषागत समेत त्रुटि भएमा वा विषय प्रसंगले अन्यथा अर्थ लागेमा यस कार्यालयलाई कुनै पनि बेला सो सच्याउन बाधा पर्ने छैन। यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. यस सूचनामा उल्लेखित शिलवन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | GM/Sarlahi Suplly and Delevery of Gas cylinder with Gas stove and regulator/07/2081/082 | Suplly and Delevery of Gas cylinder with Gas stove and regulator | रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैंया मात्र) | |